लिम्बूवानको रामकहानी

—वीर नेम्बाङ 'मेरिङ'

लिम्बूवानको रामकहानी

लेखक

वीर नेम्बाङ 'सेरिङ'

प्रकाशक

क्षितिज प्रकाशन

प्रकाशक :
क्षितिज प्रकाशन

सर्वाधिकार : लेखकमा सुरक्षित

आवरण : लिम्बूवानको चैनपुर छेउको शिवा दोभानमा गोरखा अफिसर रघुराणा क्षेत्री र लिम्बू अफिसर काङसो राय लिम्बूको द्वन्द्व युद्ध। (सौजन्य : स्व० इमानसिंह चेन्जोङ)

प्रथम संस्करण : अगष्ट, १९८७

मूल्य : भा० रू० १०
ने० रू० १७·५०

मुद्रक :
छाया प्रिन्टर्स
सिलीगुड़ी

समर्पण :—

लिम्बूवानवासी जनता !
जसलाई मुटुभरिभरिको माया दिएँ,
जसलाई आफ्नो सर्वस्व अर्पण गरेँ,
जसलाई हँसाउन, आफू कति रोएँ
अनि
जसलाई डुरि - बतासको चपेटाबाट
जोगाउन
यो उमेरसम्म अनेकन् घाम-पानी
झेल्दै छिड़े,
आज फेरि एकपल्ट म,
यो पुस्तिकालाई पनि तिनैलाई सप्रेम
समर्पण गर्दछु।

—वीर नेम्बाङ 'मेरिङ'

दुइ शब्द

३००० ईसा पूर्वदेखिन नेपालमा गोपाल, किरात, लिच्छवि, सेन, मल्ल आदि विविध राजवंशको नामले गुरुङ, मंगर, राई, लिम्बू, नेवार, तामाङ, थारु, थकाली इत्यादि मंगोल जातिले शासन गर्दै आएको हो। तर आज नेपाली मूलका बाहुन क्षेत्री इतिहासकारहरूले यदाकदा उल्लिखित राजवंशहरूमा किरात राजवंश बाहेक अन्य सबै राजवंशलाई बाहुन क्षेत्री आर्य जाति भनी लेख्न किञ्चित पनि हिच्किचाएका छैनन्। परन्तु किरात लगायत गोपाल, लिच्छवि, सेन र मल्ल आदि नेपालका सबै प्राचीन राजवंशहरू बाहुन क्षेत्री आर्य न भै राई, लिम्बू, तामाङ, नेवार थारु, थकाली, मंगर, गुरुङ आदि मंगोलहरू नै थिए। किन भने नेपालमा बाहुन क्षेत्री आर्यले 'गोरखा राजवंश-को' नामबाट शासन गर्न थालेको खालि सन १५०० पछि मात्र हो। अब कसरी यी बाहुन क्षेत्री आर्यले त्यत्रो ४०००/५००० वर्ष अघि नेपालमा शासन गरे होलान्? यसोसले गर्दा यतिञ्जेल नेपाली मूलका बाहुन क्षेत्री इतिहासकारहरूद्वारा लेखिएका तथाकथित नेपाल इतिहासहरू पुरै संशोधन र सुधार गर्न पर्ने देखिन्छन्। यस दिशामा प्रस्तुत 'लिम्बूवानको रामकहानी'-लाई मेरो पहिलो प्रयास माने हुन्छ।

स्मरण रहोस—यो पुस्तिका लेख्दा लिम्बू किंवदन्ती, लिम्बू वंशावली, लिम्बूवान प्रशासन सम्बन्धी ताम्रपत्र, लालमोहर, सनद, इस्तिहार अनि यतिञ्जेल प्रकाशित भएका लिम्बू जाति र लिम्बूवान राष्ट्रीयता विषयक केही लेखहरू र इतिहासहरूको सहारा लिईएको कुरा यहाँ स्पष्ट पार्न चाहान्छु। कोरणवश यहाँ ती लेखहरू र इतिहासहरूको सूची दिन सकिएन यसमा म सबैंसित क्षमा याचना गर्दछु।

अर्को कुरा नेपालका प्रख्यात लेखक र पत्रकार गोपाल गुरुङद्वारा लिखित 'लेखकको संक्षिप्त परिचय' पनि यसै पुस्तिकाको परिशिष्टमा संलग्न गरेको छु। आशा छ, यस लेखले पनि पाठक वर्गलाई विगतकालमा लिम्बू-वानमा घटित केही घटनाक्रमहरूको छोटो जानकारी त गराउने नै छ।

'लिम्बूवानको रामकहानी' यो भन्दा अगावै प्रकाशित भै सक्नु पर्ने हो, तर केही 'विश्वास' गरिएकाहरूले 'घात' गरिदिंदा यति ढिलाएर प्रकाशित हुँदैछ। तर ती विश्वासी भनाउँदाहरूको इच्छा विपरीत आज यसरी यो पुस्तिका प्रकाशित हुन जाँदा मलाई कहिले कहीं ती कथित विश्वासीहरूप्रति दया पनि जागेर आउँछ। तर के गर्नु ? सूर्यलाई हत्केलाले छेकेर नछेकिने रहेछ।

यो पुस्तिका आफू निर्वासनमा रहँदा तथा सीमित साधन र स्रोतमा निकाल्न पर्दा आफूले चाहें जस्तो हुन सकेको छैन। तैपनि परिस्थितिले साथ दिएको खण्डमा तथा पाठक वर्गबाट उत्साहवर्द्धक प्रतिक्रिया प्राप्त भएको खण्डमा आगामी संस्करणहरूमा यो पुस्तिकालाई अरु परिष्कृत र परिमार्जित रुप दिंदै लैजाने आफ्नो विचार भएको कुरा यहाँ जनाउँदछु।

अन्त्यमा यो पुस्तिकाको प्रकाशनको सारा जिम्मावारी बहन गरेर ममा बलिरहेको संघर्षको दीयोलाई कहिल्यै पनि निम्न नदिई मेरो संघर्षशीलताको अवसान हुन नदिने ती सबै लिम्बू, लिम्बूवान अनि मेरा हिमायती महानुभावहरूप्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु।

१५ अगष्ट, १९८७

—वीर नेम्बाङ 'मेरिङ'

(वीर नेम्बाङ 'मेरिङ')

लिम्बूहरू पूर्वी नेपालको कञ्चनजंघा र कुम्भकर्ण हिमालका काखमा अवस्थित मेची र कोशी अञ्चलमा बसोवास गर्छन। केही इतिहासकारले लिम्बूहरू बाहिरबाट आएका हुन् भने तापनि लिम्बूहरूको आफ्नो पुर्खौली वंशावलीमा चाहिं लिम्बूहरू बाहिर कहींबाट आएका नभैं 'खाम्बोङबा-लुङबोङबा' अर्थात यहींका ढुंगा-माटामै उत्पन्न भएका कुरा लेखिएको छ। यद्यपि नेपालमा लिम्बू वंशको राज्य स्थापना खालि १५०० ईसा पूर्वमा मात्र भएको देखिन्छ। तिनताका यो देशलाई 'याकथुङ' भन्थे। अनि यहाँका बासिन्दाहरूलाई चाहि याकथुङबा भनिन्थे। जो आजपर्यन्त लिम्बूहरू आफूलाई याकथुङबा भन्छन्।

यहीं १५०० ई० पू०मा याकथुङ देशको तम्बरखोला थुममा यालाम्बाहाङ नाम गरेका एक पराक्रमी राजाको अविर्भाव भयो। यिनै याकथुङबा राजा यालाम्बाहाङले नेपाल उपत्यकाको गोपाल वंशी राजा भुवनसिंहको राज्यमाथि आक्रमण गरी राजा भुवनसिंहलाई मारेर नेपाल उपत्यकालाई पनि याकथुङ राज्यमै मिलाए। अनि यो नवविजीत मुलुकको नाम 'नेबाला' राखे। लिम्बू भाषामा नेबालाको अर्थ उपत्यका हुन्छ। यहीं नेबाला शब्द अपभ्रंशित भएर नेपाल हुन गएको हो। अब याकथुङबा राजा यालाम्बाहाङले नेपाल उपत्यकाको थाङ्काकोत्ता (थानकोट) भन्ने जग्गामा आफ्नो राजधानी बनाईं पश्चिम त्रिशूली नदीदेखि पूर्व बर्मा देशसम्म साम्राज्य गर्न लागे।

यालाम्बाहाङको शेषपछि उनकै छोरा पालोमहाङ याकथुङ राज्यका राजा भए। त्यसपछि यो देशमा क्रमशः मेलाम्महाङ, चाङमिङहाङ, थुङकाहाङ पालुम्जाहाङ, हुमतिहाङ, हुर्मातिहाङ, कुमेहाङ, पार्सेफुङहाङ, पावीहाङ, दोस्तीहोङ, चाम्बेहोङ, केङकेहाङ, सुनुहाङ, कुकोहोङ, सिङखुहाङ, चलमहाङ, लुकेङहाङ, थलङहाङ, थुङकोहाङ, पर्माहाङ, कुकाजङहाङ, पुङकेहाङ, खयमीहाङ मक्ममुहाङ, सस्काहाङ, कुरङहाङ, खिम्बुहाङ, शिरिजङहाङ, खुरनजङहाङ र खिगुहाङ राजा भए। यिनै खिगुहाङको राज्यकालमा पश्चिमबाट आई लिच्छवि वंशका राजा निमिषले याकथुङ राज्यमाथि हमला

गरी नेपाल उपत्यकाबाट याकथुङबाहरूलाई निकाली दिए। अब याक्युङबा-हरू पूर्व याङबारोक थुममा गै शासन गर्न थाले।

पछि सन ६०० तिर यो देशको नाम याकथुङबाट परिवर्तित भएर फेदाप रहन गयो। अबोप्रान्त याक्थुङबाहरू पनि फेदापे भए। त्यस बखत फेदाप देशमा आठ फेदाप राजाहरू शासन गर्दै थिए। ती हुन— हन्देनहाङ योक्तदेहाङ, चेस्बोहाङ, लारासो पाङबीहाङ, खेसिबाहाङ, इकाङसोहाङ, खादीहाङ र इमेहाङ। यी आठ फेदापे राजाहरूले आफ्ना प्रजाहरूलाई घोर अत्याचार गरिराखेका थिए। आठ फेदापे राजाहरूको यो अत्याचार-देखि असह्य भै थोसोईङ काङलाईङहाङ थिन्दाङ सावारीहाङ, थोसोदिङ हामलेवा सावारोहाङ, थोसोदिङताङसाक सावारोहाङ, योकोदिङ सावारोहाङ, मुगुप्लुङमा खाम्बेक सावारोहाङ, योक्फोदिङ, सावारोहाङ, मुगुप्लुङमा लाङसोदिङ सावारोहाङ, योक्फोदिङ ईगाङ लाईङबीहाङ र तोतोली तीईङबीहाङ नाम भएका दश नेताहरूले आठ फेदापे राजाहरूको विरुद्धमा विद्रोह गरे। यो विद्रोहमा धनुर्वाण प्रयोग गरी ती आठ फेदापे राजाहरूलाई खतम गरेर त्यो देशको सीमाना पूर्वमा टिष्टा नदी, पश्चिममा दूधकोशी नदी, उत्तरमा तिब्बत र दक्षिणमा जलालगढ़सम्म निर्धारित गरे। अब उसो यी दश नेताहरूले यो देशलाई 'लिम्बुवान' नामकरण गरे। अनि आफूलाई पनि 'लिम्बू' घोषित गरे। लिम्बू भाषामा लिम्बूवानको माने धनुर्धारीहरूको वासस्थन र लिम्बूको माने चाहि धनुर्धारी हुन्छ। अब यी दश लिम्बू नेताहरू यो देशका शासक भै गणतन्त्र प्रथाले राज्य-शासन गर्न शुरू गरे। प्राचीनकालमा यी दश लिम्बू राजाहरूले चलाएको शासन-व्यवस्थालाई 'दश लिम्बूको थिति' भनी अद्यावधि लिम्बूहरूले धार्मिक, सांस्कृतिक अनि सामाजिक थितिको रूपमा अक्षरशः प्रतिपालन गरिरहेछन्।

सन ९६५ मा माबोहाङ लिम्बूवानका राजा भए। राजा माबोहाङले युमा साम्माङ (बूढ़ी बीजू) बाट आत्मीक ज्ञान पाएका थिए। अनि उनैले लिम्बू वंशलाई युमा साम्यो अर्थात युमा धर्म मान्न लगाएका थिए। आजतक लिम्बू समाजमा माबोहाङ एक धार्मिक राजाको रूपमा पुजित छ। अनि उनले चलाएको युमा धर्मलाई आज लिम्बूको जातीय धर्मको रुपमा प्रतिष्ठापित भएको छ।

त्यसपछि सन ९०० मा लिम्बूवानमा अर्का एक महान प्रतापी राजा निक्ले। उनको नाम थियो—शिरिजङ्गाहाङ। त्यो समय दश लिम्बू राजाका सन्तानहरू आपुङ्गी (स्वतन्त्र) भै परस्परमा लडभिड गरिबस्थे। राजा शिरिजङ्गाहाङले ती आपुङ्गी राजाहरूलाई अधीनस्थ गराई एकीकृत लिम्बूवान राज्य कायम गरे। शिरिजङ्गाहाङ एक प्रजावत्सल राजा मात्र थिएनन, तर उनी एक विद्वान पनि थिए। राजा शिरिजङ्गाहाङले येहाङ लिपि (चन्द्र पुल्लिङ) र रोङ लिपि भन्दा भिन्न तेस्रो लिपि आविष्कार गरी त्यो लिपिको माध्यमबाट आफ्नो प्रजाहरूलाई नैतिक शिक्षा दिने काम गरेका थिए। जुन लिपिलाई आजकल 'शिरिङ्गा लिपि' वा 'लिम्बू लिपि' भनिन्छ।

राजा शिरिङ्गहाङको राज्यकालपछि पुनः लिम्बूवानमा थरै पिच्छे, गावै पिच्छे आपुङ्गी राजाहरू प्रादुर्भाव भए, जसले गर्दा लिम्बूवान राज्य अत्यतै कमजोर भएर गयो। यस्तो अवस्थामा छिमेकी राज्यका बलिया र शक्तिशाली राजाहरूले ती निर्वल र शक्तिहीन लिम्बू राजाहरूलाई नहेप्ने र नमिच्ने कुरै भएन। लिम्बू शासकहरूको यस्तो अनेकता र कमजोरीबाट सर्वप्रथम मकवानपुरका राजा लोहाङसेनले फायदा उठाए। उनले सन १६०९ मा लिम्बूवानको मोरङ थुम लिम्बू राजाहरूका हातबाट खोसेर आफ्नो मकवानपुर राज्यमा मिलाए। किन्तु मोरङ थुमको चौतरिया अर्थात प्रधान मन्त्री पद चाहिं लिम्बू जातिलाई नै सुम्पे, जस अनुसार मकवानपुरका सेन राजा लोहाङसेनले मोरङ थुमको चौतारिया पदमा पानीहाङ लिम्बूलाई नियुक्त गरे यस आघ पानीहाङ लिम्बू लिम्बूवान राज्यका एक आपुङ्गी राजा थिए। यी सेनवंशी राजाहरू हिन्दू धर्मावलम्बी र मैथिली भाषा भएका कारण तिनीहरूको पालामा मोरङमा हिन्दू धर्म र मैथिली भाषा प्रयोग गर्न जोड़दिए। यी सेन शासकहरूले यतिसम्म गरेकि मोरङ थुममा नियुक्त हुने हरेक लिम्बू चौतरिया, काजी र देवानहरूले आफ्नो पुरानो नाम छाड़ी नयाँ हिन्दू नाम राख्न अनिवार्य थियो। अनि आफ्नो नामको पछि 'राय' लेख्न पनि आवश्यक थियो। रायको अपभ्रंश राई हो।

यस प्रकार लिम्बू जातिमा आफ्नो नाम परिवर्तन गर्ने पहिलो राजा पानोहाङ लिम्ब थिए। उनले आफ्नो लिम्बू नाम पानोहाङ लिम्बूको बदला

हिन्दू नाम 'विद्याचन्द्र राय' राखे। सम्भवतः यहीं समयदेखि अन्य लिम्बूहरूले पनि आफ्नो लिम्बू नाम परित्याग गरी हिन्दू नाम राख्न थाले होलान।

त्यस्तै गरी सन १६४३ मा सिक्किमका भोटिया राजा फुन्छो नामग्यालले लिम्बूवानमाथि आक्रमण गरी लिम्बूवान राज्य अन्तर्गतका दरमदेन, ताजेलुङ खरसाङ, शिलगढ़ी, मिरिक र इलाम थुमहरूलाई पनि आफ्नो सिक्किम राज्यमा गाभे। अनि फुन्छो नामग्यालले भोटिया, लेप्चा र लिम्बू तिनै जातिको समान प्रतिनिधित्व हुने गरी 'लोमेनच ङ सुम' नामक राज्य परिषदको गठन गरे। यस अनुसार तत्कालीन सिक्किमको राज्य परिषद अर्थात मन्त्री परिषदमा इलामसिंह लिम्बू प्रधान मन्त्री तथा जतनसिंह लिम्बू र पतैसिंह लिम्बू मन्त्री थिए। यसरी दक्षिण लिम्बूवान सेनहरूको र पूर्व लिम्बूवानमा भोटियाहरूको आधिपत्य कायम भए तापनि मध्य र पश्चिमोत्तर लिम्बूवानमा चाहिं लिम्बूहरू स्वतन्त्रनै रही आफ्नो राज्य चलाउँदै थिए। जसले गर्दा लिम्बूवानको सार्वभौतिक अस्तित्व पुरै मेटिन पाएन।

सन १६७० मा फुन्छो नामग्यालको मृत्यु पश्चात उनको छोरा तेन्सोङ नामग्याल सिक्किमका राजा भए। तेन्सोङ नामग्यालकी तीनवटी रानी थिए। त्यसमा जेठी भूटानकी माइली तिब्बतकी एवं कान्छी चाहिं लिम्बूवानकी। यो कान्छी रानी लिम्बूवानको लिम्बू राजा योयोहाङकी छोरी राजकुमारी थुङवा मुक्मा थिइन। थिनै लिम्बूनी रानीको निम्ति राजा तेन्सोङ नामग्यालले पश्चिम सिक्किमको गेजिङ र पेमायोङ्चीको माझमा एउटा दरवार निर्माण गरेर यो दरवारको नाम सङखीम राखे। लिम्बू भाषामा सङखीमको माने नयाँ घर हुन्छ। यहीं सङखीन दरवार अपभ्रंश भएर सुक्खीम हुंन गएको हो। कालान्तरमा सुक्खीम दरबारबाट यो देशको नाम पनि सुक्खीन रहन गयो। यो भन्दा पूर्व यो देशलाई भोटियाहरू 'डेनजोङ' भन्थे औ लेप्चाहरू 'ने मयेल-रेन-जोङल्याङ' भन्थे। अंग्रेजहरू यो देशमा प्रविष्ट भएपछि उनीहरूले पनि यही लिम्ब भाषाको सुक्खीम नामलाई नै अप्नाएर यो देशलाई सिक्किम' भन्न लागे।

सन १७३३ मा सिक्किमका भोटिया राजा ग्यूरमी नामग्यालको मृत्यु भयो। ग्यूरमी नामग्याल अपुताली थिए, अब उनको मन्त्री टामडिङ ग्यालपोले अनाहकमा आफूलाई सिक्किमका राजा घोषित गरे। यहीं मौकामा लिम्ब-

वानका लिम्बू राजाहरूले सिक्किम राज्यमाथि धावा बोले। टामडिङ ग्यालपो राब्देनची दरवारबाट भागी तिब्बत पुगे। यसरी पूर्वका लिम्बूहरू सिक्किमको दासताबाट उन्मुक्त भए।

यसै गरो सन १७५७मा मोरङ थुमका चौतरिया श्रीबुद्धिकर्ण राय लिम्बूले पनि सेन राजा कामदत्त सेनको हत्या गराई स्वयं विजयपुर दरवारको राजसिंहासनमा आसीन नै शासन गर्न थाले। अब दक्षिण लिम्बूवान पनि मकवानपुरका सेन राज हरूका पञ्जाबाट उक्से। अब उसो लिम्बू राजाहरू पृथक-पृथक भै गणतान्त्रिक प्रणालीको आपुङ्गी राज्य चलाउँदै आएको भए तापनि कुनै विदेशी राज्यको अहन खटनमा बस्न परेको थिएन। अब पुनः लिम्बूवान एक सार्वभौमिकता सम्पन्न स्वतन्त्र राज्य बन्यो।

यहीं समयमा लिम्बूवानमा लिम्बू आपुङ्गी राजाहरूमा श्रीपाखरेहाङ लिम्बू, श्री चोत्साहाङ लिम्बू र श्री थेगेकहीमहाङ लिम्बूको नाम प्रसिद्ध भए-को थियो। यी लिम्बू आपुङ्गी राजाहरूलाई गोरखाका राजा पृथ्वीनारायण शाहले २ अगष्ट, १७५७ मा एउटा ताम्रपत्रद्वारा राजकीय मान्यता प्रदान गरेका थिए। उक्त ताम्रपत्रका केही अंश यस्तोछ—"........, अरु राजा-रजौटे शाखा मासिने, तिमी किरातेश्वर (लिम्बू) नमासिने हो! तिमीहरू मैले जानेको हुँ। अघि दश पुस्ता चक्रवर्ती सम्राट हौ। हाङ वंशी राजा हिजु अधिराज भएका कारण तिमीहरूलाई कोई राजाले मसाउन सक्दैन। अघि चीन, तिब्बत र अरु राजा-बादशाहहरूबाट पनि अनादिकालदेखिन तिम्रो बंशमा समर्थन लिई-दिई आयाको मैले जानेको हेरेको हुँ। म मेरो लालमोहर ताम्रपत्रमा बाँधी वाचा बोल कबोल गरी सदा-सदाका लागि बक्सेका हुँ। अगर मेरा नातामा पछि वंशले यो ताम्रपत्रका मेरा वचन, मेरा भलोमन, धरम विधानलाई र तिम्रा राजपाट पिछे खोसेमा सुरज, चन्द्र, आकाश-को तेतीस कोटी देवता र पातालका नाग-नगेनी, पृथ्वीका मानी पुजी लिएका देवताले मेरो पनि पुरै सदा राजपाट रिस्तानाता भंग भष्म गरोस।......"

सन १७७३ तिर लिम्बूवानमा श्रीजङ्ग राय लिम्बूले आठराई थुममा, श्री कुम राय लिम्बूले पाँचथर थुममा श्रीसुन राय लिम्बूले चौविसे थुममा, श्री आतहाङ राय लिम्बूले फेदाप थुममा, श्री शुभव त राय लिम्बूले तम्वरखोला थुममा, श्री रैनसिंह राय लिम्बूले मेवा-

खोला थुममा श्री देव राय लिम्बूले मैवाखोला थुममा, श्री यङयाहाङ राय लिम्बूले याङवारांक थुममा, श्री सुनुहाङ राय लिम्बूले छथर थुममा, श्री आशादेव राय लिम्बूले चारखोला थुममा र श्री जसमुखी राय लिम्बूले चैनपुर थुममा आपुङ्गी राज्य चलाउँदै थिए। यी लिम्बू आपुङ्गी राजाहरू मध्ये श्री जसमुखी राय लिम्बूको चैनपुर थुममा सर्वप्रथम सन १७७४ मा गोरखाका राजा पृथ्वीनारायण शाहले आफ्ना अफिसर अभिमान सिंह बस्नेतलाई कैयन पल्ट आक्रमण गर्न लगाए। तर ती आक्रमणकारी गोरखा फौजलाई लिम्बू फौजले लिम्बूवानमा ढिम्किन नै नदिई कि त मारिदिन्थे, कि त खेदिदिन्थे।

यसरी कति पल्ट गोरखा फौजले आक्रमण गर्दा पनि लिम्बूवान राज्यको एक थुम पनि कब्जा गर्न नसकी उल्टो लिम्बू फौजबाट गोरखा फौजले मार खान परेको देखेर कूटनीतिज्ञ पृथ्वीनारायण शाहले लिम्बूहरूलाई शत्रुताबाट होइन मित्रताबाट मात्र आफ्नो वशमा पार्न सकिने यथार्थतालाई आजमाउन त्यति गाह्रो परेन। अब पृथ्वीनारायण शाहले लिम्बू राजाहरूसित सम्झौता गर्न भनी अभिमान सिंह बस्नेत, पार्थ भण्डारी, कीर्तसिंह सवास र वली बनियाँहरूलाई दूत नियुक्त गरी लिम्बूवानमा पठाए। यी गोरखा दूतहरूले लिम्बू आपुङ्गी राजाहरूमा चौविसे थुमको राजा श्री सुन लिम्बू पाँचथर थुमका राजा श्री कुम राय लिम्बू र आठराई थुमका राजा श्री जङ्ग राय लिम्बूलाई ललाई फकाई सम्झौता गर्न राजी तुल्याए। अब यी गोरखा दूत र लिम्बू आपुङ्गी राजाहरूले विजयपुर दरबारमा आपसमा नून पानीको कसम खाई भाईचाराको सन्धि गरे। तदनुसार लिम्बूवान राज्यलाई गोरखा साम्राज्यमा सम्मिलित गरियो। तर पृथ्वीनारायण शाहले यी लिम्बू आपुङ्गी राजाहरूलाई पुरै राज्यच्युत नगरी प्रान्तीय राजाको रुपमा राखिदिए। त्यसको निमित्त पृथ्वीनारायण शाहले ६ अगष्ट १७७४मा श्री सुन राय लिम्बू, श्री कुम राय लिम्बू र श्री जङ्ग राय लिम्बूलाई लालमोहर गरिदिए त्यस लालमोहरका अन्तिम वाक्यहरू यस्ता छन्—"...अरु नौ लाख र तिमीहरू एक पट्टि होइनौ के अर्थले भनी अरु राजा मासिने हुँदा तिमीहरू राजा भन्ने नमासिने हो। त्यो मुलुक सम्भार गरो जिमी भूमि रहुञ्ज्याल तिम्रा शाखा सन्तान तक भोग्य गर। खोसेमासे मानी पुर्जो ल्याएको देवताले हाम्रो राजकाज भंग गरोस भन्या तांबापत्रको तसल्ली मुलुकी लालमहर लिम्बू कुल भाइलाई दियौं।......"

यसपछि लगतै फेदाप थुमका राजा श्री आतहाङ राय लिम्बू, मैवाखोला थुमका राजा श्री देव राय लिम्बू, मेवाखोला थुमका राजा श्री रैन सिह राय लिम्बू र तम्बरखोला थुमका राजा श्री शुभवन्त राय लिम्बू पनि स्वतः गोरखा राज्यमा सामेल भए। अनि पृथ्वीनारायण शाहले पनि गोरखा राज्यमा सम्मिलित हुने यी लिम्बू आपुङ्गी राजाहरूलाई नगरा निशान सहित ज्यान, गौबध, राजकाज, चोर डाकालाई खोपी दाग लगाउने र भात पानीमा पर्दा जातिच्युत गर्ने पञ्चखत मुद्धा-मामिला हेर्ने न्यायिक अधिकार प्रदान गरेका थिए। तिनताका लिम्बु प्रान्तीय राजाहरूले पाएको यो प्रशासनिक अधिकार र अख्तियारलाई 'पञ्चखत सरकार' या 'लिम्बुवान सरकार' भनिन्थ्यो।

त्यस समय एकातिर चौविसे, पाँचथर, आठराई, फेदाप, मैवाखोला, मेवारखोला र तम्बरखोला थुमका लिम्बु राजाहरू गोरखालीहरूसित सन्धि सम्झौता गरी गोरखा राज्यलाई केन्द्र सरकार मान्दै थिए भने अर्कातिर छथर थुमका राजा श्री सुनुहाङ राय लिम्बु, याङवारोक थुमका राजा श्री यङयाहाङ राय लिम्बु, चारखोला थुमका राजा श्री आशदेव राय लिम्बु, चैनपुर थुमका राजा श्री जसमुखी राय लिम्बु र मोरङ थुमका राजा श्री बुद्धिकर्ण राय लिम्बुहरू चाहिं गोरखालीहरूसित कुनै सन्धि-सम्झौता नगरीकन गोरखालीहरूको विरुद्धमा युद्धको घोषणा गरे। यस गोरखा साम्राज्य विरोधी युद्धमा तत्कालीन सिक्किमका भोटिया राजा फुन्छो नामग्याल (द्वितीय) ले भोटिया र लेप्चा फौज पठाई साथ दिएका थिए भने तिब्बत स्थित फारी-जोङका चीनियाँ प्रतिनिधि होशी तुङथाङले पनि भारी मात्रामा शस्त्रास्त्र दिई लिम्बु विद्रोहीहरूलाइ सघाऊ पुऱ्याएका थिए। यसरी सिक्किमबाट फौजी र चीनबाट शस्त्रास्त्रको सहायता पाएपछि लिम्बु फौजले गोरखा फौजलाई सत्रौं पल्ट युद्ध जित्न सफल भए। सत्रपल्ट युद्ध जित्ने भनी त्यसबेला लिम्बु फौज 'सत्राजित' को नामले विख्यात भए।

पछि सन १७७७ मा गोरखा फोजले लिम्बु विद्रोहीहरूका प्रमुख श्री बुद्धिकर्ण राय लिम्बुलाई मुग्लानबाट अपहरण गरेर विजयपुरमा ल्याई गोरखा फौजद्वारा उनको निर्मम हत्या गरिएपछि अर्थात अठारौं पल्टको युद्धमा चाहिं लिम्बु फोज गोरखा फौजबाट पराजित हुन पऱ्यो। अब गोरखा फौजले

लिम्बूहरूलाई 'गोरखा विरोधी' को अभियोग लगाउँदे निर्दयतापूर्वक उत्पीड़न गर्न थाले। लिम्बूहरू आफूप्रतिको गोरखालीहरूको यस्तो प्रतिशोधात्मक व्यवहारदेखि निराश भै 'जबसम्म यी गोरखालीहरू लिम्बूवानमा रहन्छन्, तब सम्म हामी लिम्बूवानमा फर्कि आउने छैनौं भन्ने प्रतिज्ञा गरी त्यसबेला ३२००० लिम्बूहरू स्वदेश छाड़ी विदेश लागेका थिए।

सन १७८४ मा गजदल लिम्बूले लिम्बूवानको स्वतन्त्रताको निम्ति विद्रोह गरे। तर लिम्बूवानमा नियुक्त भएका गोरखा अफिसर स्वरुपसिंह कार्कीले उनलाई मार्न खोज्दा गज़दल लिम्बू सिक्किम देशमा गै आफ्नो ज्यान वचाए। त्यसपछि अर्को साल सन १७८५ मा पुनः लिम्बूवानलाई गोरखा साम्राज्यबाट मुक्त गर्न मुरेगान लिम्बू र थामुया लिम्बुहरूले छापामार युद्ध छेड़े। तर उही स्वरुपसिंह कार्कीले यी दुइ देशभक्त लिम्बुहरूलाई पनि चोर-हट्टा गरी मारीदिए।

यस तरहले लिम्बु शासकहरू कसैलाई फकाएर, कसैलाई मारेर अनि कसैलाई चाहिं खेदेर गोरखालीहरूले तत्कालीन लिम्बूवान राज्य हत्याए तथा लिम्बूहरूलाई नियन्त्रण गरिसकेपछि यी गोरखालीहरूले लिम्बूको शिरिजङ्गा लिपि, लिम्बू भाषा र युमा धर्मलाई मासेर, लिम्बूहरू माथि देवनागरी लिपि, खस भाषा र हिन्दू धर्म लादने कुचेष्टा गरे। जसले गर्दा लिम्बू लिपि, साहित्य धर्म संस्कृतिको ह्रास हुँदै गैरहेको थियो। यस्तो अवस्थामा सन १७८८ मा याङवारोक थुमका विद्वान शिरिजङ्गा सिङथेबेले लिम्बूवानका गाउँ गाउँमा भ्रमण गरी लिम्बू लिपि र साहित्य खूब प्रचार गरे। यसबारे लिम्बूवानमा कार्यरत गोरखा अफिसर अभिमान सिंह बस्नेतले राजा रणबहादूर शाह समक्ष रिपोर्ट दिए। यस्तो रिपोर्ट पाउने वित्तिकै रणबहादूर शाहले अभिमानसिंह बस्नेतलाई 'शिरिजङ्गा सिङथेबे भन्ने त्यस मानिसलाई तुरुन्तै पक्रेर ल्याउनु। यदि जिउँदै पक्रेर ल्याउन नसके नीजको टाउको भए पनि लिएर आउनु' भन्ने आदेश दिए। अब अभिमानसिंह बस्नेतका नेतृत्वमा गोरखा फौज-हरूको एक दल याङवारोकमा आए। परन्तु गोरखा फौजहरू लिम्बुवानमा आई पुग्न अगावै शिरिजङ्गा सिङथेबे आफ्ना आठ अनुयायी सहित सिक्किममा निर्वासित भै सकेकाले गोरखा फौजले नीज़लाई पक्राउ गर्न सकेनन्। अब

शिरिजङ्गा सिङथेबेको साटो हजारौं निर्दोष लिम्बूहरू, गोरखा फौजद्वारा पक्रिए, मारिए। उता सिक्किममा पुगेर पनि शिरिजङ्गा सिङथेबे चूप लागेर बसेनन्। उनले पुनः सिक्किमवासी लिम्बू माझ पनि लिम्बू लिपि र साहित्य प्रचार गर्न थाले। उनको यो कार्यकलापलाई तत्कालीन सिक्किमका भोटिया राजा तेन्जिङ नामग्यालले राजनैतिक अपराध ठानी राब्देनची र पेमायोनची गुम्बा-का ठाछङ लामाहरूलाई शिरिजङ्गा सिङथेबेलाई मृत्यु दण्ड दिने आदेश दिए। राजाको उक्त आदेश अनुसार ठाछङ लामाहरूले पनि शिरिजङ्गा सिङथेबेलाई पक्राऊ गरे. अनि पश्चिम सिक्किम स्थित मार्ताम गाउँको रेशी झरणा छेऊ एउटा रुखमा बाँधी विषाक्तबाणले प्रहार गरी मारे। यसरी ठाछाङ लामाहरूले विद्वान शिरिजङ्गा सिङथेबेलाई अन्यायपूर्वक मारेकोमा सिक्किमवासी लिम्बूहरूले ठाछाङ लामाहरूको विरुद्धमा विद्रोह मच्चाए। तर सिक्किम राजाले लिम्बूहरूको यो विद्रोहलाई निर्ममतापूर्वक दबाई दिए। अवोप्रान्त लिम्बूवानमा मात्र नभएर सिक्किममा पनि लिम्बू लिपि र साहित्यको अध्ययन-अध्यापनमा पूर्णतः बन्देज लगाईयो। त्यसको फलस्वरुप सयौं वर्ष लिम्बू लिपि र साहित्य टाक्सिएर रह्न पऱ्यो।

सन १७९१ सम्म वर्तमान पश्चिम सिक्किम र दार्जीलिङ लिम्बूवान अन्तर्गत पर्दथ्यो। तिनताका सिक्किमलाई 'सुक्खीम थुम' र दार्जीलिङलाई 'ताजेलुङ थुम' भनिन्थ्यो। सन १७९२ मा सिङली पहाड़ पूर्व र टिष्टा नदी पश्चिमको सुक्खीम थुमलाई तत्कालीन गोरखा राजा रणबहादूर शाहले सिक्किम राजा तेन्जिङ नामग्याललाई सुम्पिदिए। त्यस्तै गरी, सन २८ नोभेम्बर १८१५ मा को सुगौलीको सन्धिमा मेची खोलादेखि पूर्व, टिष्टा नदी पश्चिम-को मधेस र पहाड़ भएको ताजेलुङ थुमलाई पनि गोरखा राजा गीर्वाण युद्ध वीर विक्रम शाहले अंग्रेजलाई छाड़िदिए। अब लिम्बूवानको मानचित्र पूर्वमा मेची खोला, पश्चिममा अरुण नदी, उत्तरमा तिब्बत र दक्षिणमा फारविसगञ्जमा सीमितिन पुग्यो।

सुगौली सन्धि पछि अर्थात सन १८१६ तिर लिम्बूवानबाट गोरखाली-हरूलाई निकाली स्वतन्त्र लिम्बूवान राज्य खड़ा गर्न निमित्त पृथ्वीसिंह लिम्बूले आखिरी प्रयत्न गरेका थिए। तर सरकारलेपृथ्वी सिंह लिम्बूको यो

प्रयत्नलाई पनि नाकाम पारिदियो। अब पृथ्वीसिंह लिम्बूले लिम्बूवान छाड़ी सिक्किममा निर्वासितहुन पर्‍यो। त्यसोप्रान्त लिम्बूहरूले लिम्बूवानको स्वतन्त्रता र मुक्तिको निम्ति प्रयत्न गरेको कुनै रेकर्ड पाईएको छैन।

जति-जति पश्चिमी नेपालको एउटा सानो गोरखा राज्य पूर्वी नेपाल-तिर विस्तारित हुँदै गए, उति-उति बाहुंन र क्षेत्री पनि पश्चिमबाट पूर्व-तिर फैलिंदै गए। त्यतिखेर ठूलो परिमाणमा बाहुन र क्षेत्रीहरू गोरखाबाट लिम्बूवानमा बसाइँ सरे। यी नवागन्तुकहरूले केही नजराना चढ़ाएर लिम्बू-हरूबाट जमीन प्राप्त गर्थे। यो नजरानालाई 'चार दाम ठेकी' भन्ने चलन थियो। यसैले आजपर्यन्त लिम्बूवानमा बाहुन र क्षेत्रीलाई 'चार दामे' भनिन्छन्। अब विस्तारै-विस्तारै आप्रवासी बाहुन क्षेत्री र आदिवासी लिम्बू बीच पारस्परिक लेनदेन बढदै गयो, धूर्त र चलाक बाहुन र क्षेत्रीले जाल किर्ते गरी सरल र सोझा लिम्बूको जग्गा-जमीनहरू अवेध रुपमा हडपिंदै लाग्यो। आखिर यतिसम्म भयोकि लिम्बूहरू रुखो पाखा-भित्तामा लाग्न पर्‍यो त बाहुन क्षेत्रीहरू भने उब्जाउ योग्य खेत र बारीका मालिक हुन पुगे। यिनीहरूको यस्तो शोषण र अतिक्रमण देखेर दूरदर्शी लिम्बूहरूले तत्कालीन सरकार समक्ष लिम्बूको जग्गा-जमीन यी चार दामे बाहुन क्षेत्रीले किन्न नपाओस भन्ने लेखापढ़ी गरे। यस्तो लेखा-पढ़ीको परिणामतः सन १८०१ मा राजा रणबहादूर शाहको राज्यकालमा लिम्बूको जग्गा जमीन लिम्बू बाहेक अन्य चार दामेले फार्स्या-राजीनामा किन्न नपाउने सनद पत्र जारी गरियो।

सन १८४६ मा जंगबहादूर राणा नेपालको प्रधानमन्त्री भए, उनले पनि लिम्बूहरूलाई जनै लगाउन र क्षेत्री हुन दवाब दिन थाल्यो। तर स्वाभीमानी लिम्बूहरूले जनै लगाउन र क्षेत्री हुन निर्धक्क अस्वीकार गरिदिए। यसरी लिम्बूहरूले आफूलाई नटेरेको देखेर जगबहादूंर राणा लिम्बूहरूसित चिढ़िएर लिम्बूको भूमिर अधिकारको अतिक्रमण र हस्तक्षेप गर्न प्रारम्भ गर्‍यो।

सबै भन्दा पहिले सन १८५३ मा जंगबहादूर राणाले लिम्बूवानको अविभाजित भूमिलाई किपट र रैकरमा विभाजित गरिदियो। यस अनुसार लिम्बूले जोतेको जमीन मात्र किपट र लिम्बूले आफ्नो जमीन काटी अन्य

जात-जातिलाई भोग बन्धकमा जोत्न दिएको किपट रकरमा परिणत हुने भयो। अनि भोग बन्धकमा रहेका जमीनको उब्जनी साहुले खाने, तर त्यस्ता जमीनको तिरो चाहिं तल्सीङले नै तिर्न पर्ने भयो।

यस अतिरिक्त सन १८८० मा जंगबहादूर राणाले अघि पृथ्वीनारायण शाहको पालादेखि लिम्बूहरूले पाएको 'पञ्चखत सरकार' पनि खोसे तथा लिम्बूहरूलाई प्रान्तीय राजा पदबाट बर्खास्त गरेर सुब्बा अर्थात म्याजिष्ट्रेट पदमा मात्र राखिए। अबोप्रान्त लिम्बू सुब्बाहरूले पञ्चखत मुद्दा बाहेकका आसमानी दण्डकुण्ड मात्र हेर्न पाउने भयो। यस अन्तर्गत रैतीको बसोवास गराउने, रैतीबाट जमीनको तिरो उठाउने र फौजदारी, देवानी मुद्दाहरू हेर्ने अधिकार रहन्थ्यो। यसरी गोरखा शासकहरूद्वारा लिम्बूको हक अधिकार-हरू हाकाहाकी नखोसिएर विस्तारै-विस्तारै खोस्दै लगिएको देखिन्छ।

सन १८८५ मा प्रधान मन्त्री रणोद्दिप सिंह राणाको कार्यकालमा लिम्बूहरूले सुब्बा पद प्राप्त गर्न माटा मुरी ६० र रु ५२/- अनि राई पदको लागि माटा मुरी ३० र रु २६/- सलामी सरकारलाई चढाउन पर्दथ्यो। यसरी सुब्बा र राई पद प्राप्त गर्न लिम्बूहरूले आफ्नो किपट काटी सरकारलाई सलामी चढ़ाएको जमीन पनि किपट न भै रैकर नै हुन्थ्यो। अनि रैकर क्षेत्रका खेत पाखामा खोलो-पहिरो जाँदा बाहुन क्षेत्री रैतीले तिरोको मिनाहा पाउथे, तर किपट क्षेत्रमा चाहिं खोलो पहिरो गएर जतिसुकै क्षति भए पनि लिम्बू मैयादहरूले तिरोको मिनाहा पाउँदैनथे। फेरि रैकर क्षेत्रका कुनै रैती बसाइँ गए लगत कट्टा हुन्थ्यो, तर किपट क्षेत्रबाट कुनै मैयाद बसाइँ गएमा चाहिं लगत कट्टा हुँदैनथ्यो, लिम्बू मैयादले तिर्न पर्ने तिरो रु ७।५०, ६।५०, ५।५० र ३।- सुब्बा राईले नै तिरिरहन पर्दथ्यो। यति मात्र नभएर लिम्बूको जति घर वृद्धि हुन्थ्यो, उति नै घरलाई रु ७।५०, ६।५०, ५।५० र ३।- तिरो लाग्दथ्या। यसप्रकारको सरकारी शोषण र भेदभावदेखि असहय भै त्यसवखत हजारौं लिम्बूहरू लिम्बूबान छाड़ी मुग्लान भागी जान विवश भएका थिए।

सन १९१४ तिर लिम्बूवानमा लिम्बूहरू आफ्नो मातृभाषा त बोल्न पाउँथे, तर आफ्नो लिपिमा चाहिं लेख्न-पढन पाउँदैनथे। यस्तो बेला

आठराई थुममा एक जना लिम्बू साहित्यकारको उदय भयो। उनको नाम थियो—लालश्वर सेन्दाङ। यो साहित्यकारले राजकीय कोपले गर्दा लुप्तप्रायः लिम्बू लिपि, भाषा, साहित्य र इतिहासको खोजी, अन्वेषण गरी पुनः लिम्बू लिपि र भाषाको प्रचार-प्रसार गरे। तथा कैयन लिम्बूहरूलाई लिम्बू लिपि र भाषाको ज्ञान प्रदान गरे। यो देखेर तत्कालीन प्रधान मन्त्री चन्द्रसमसेर राणा सतर्क त भए, तर लालश्वर सेन्दाङमाथि तुरुन्तै कार्यवाही गर्न चाहिं तिनमा हिम्मत हुन सकेन। किन भने लालश्वर सेन्दाङ एक्लो थिएन, उनको पछाड़ी हजारौं साहित्यप्रेमी लिम्बूहरू थिए। अतः लिम्बू साहित्यकार लालश्वर सेन्दाङलाई केही गरियो भने लिम्बूवानमा विद्रोह हुने सम्भावना थियो। यो सम्भावनालाई मध्येनजरमा राखेर चतुर चन्द्रसमसेर राणाले लालश्वर सेन्दाङमाथि कार्यवाही गरिनु भन्दा अघिनै प्रथम विश्वयुद्धमा बली चढाउन १८ वर्षदेखि उँभो र ५० वर्षदेखि उँधोका लिम्बू ज़वानहरूलाई घरलौरी ब्रिटिस फौजमा भर्ती पठाए। यहीं मौकामा लिम्बूवानमा चन्द्रसमसेर राणाले लालश्वर सेन्दाङलाई कार्यवाही गर्न गोरखा फौज पठाए। तर लालश्वर सेन्दाङ पनि अघि शिरिजङ्गा सिङथेबे झैं आफ्ना १०५ शिष्य साथ लिई सिक्किम देशमा प्रस्थान गरिसकेकाले लालश्वर सेन्दाङ गोरखा फौजको कोपभाजन हुनबाट बचे। भोलाभाला लिम्बू जनताप्रति चन्द्रसमसेर राणाको कस्तो तिकडम! त्यस बेला लिम्बू जवानहरू उता फ्रान्स, जर्मनी, टर्की, मेसोपोटामिया, अफगानिस्तान आदि देशका युद्ध मोर्चाहरूमा शौर्य र पराक्रमका साथ युद्ध लड़दै थिए! यता लिम्बूवानमा भने गोरखा फौजले तिनीहरूका आमा बाबुलाई हप्की-दप्की गरिनुका साथ तिनीहरूका दिदी बहिनीको इज्जत लुटदै थिए। यसै मौकामा गोरखा फौजले लिम्बूका घर-घरमा खन तलासी लिई लिम्बूहरूसित भएका मुद्रा सहित लिम्बूको वंशावली, अभिलेख, ताम्रपत्र, इतिहास, धर्म र संस्कृतिका ३०,००० थान दस्तावेजहरू आगो लगाई नष्ट गरिदिए। सिक्किममा प्रस्थान भएका लिम्बू साहित्यकार लालश्वर सेन्दाङ आफ्ना आयुभरि सिक्किम लगायत दार्जीलिङ, कालिम्पोङ र असमका लिम्बू बस्तीहरूमा भौंतारिदै, त्यहाँका लिम्बूहरूलाई आफ्नो लिपि र भाषाको शिक्षा दिंदै हिड़े। पछि लालश्वर सेन्दाङ स्वदेश फर्कन नपाइकनै असममा उनको देहान्त भयो।

सन १९१८ तिर राममणि आ० दो० भन्ने एक जना बाहुन कविले 'भलो कुराको नमूना' नामक आफ्नो पुस्तकमा '……मन्त्री मण्डल जोड़दा मतवाला क्वै नहुल्नु, ब्राह्मण क्षेत्री लिएर जोड़नु……' भन्ने कविता रची तत्कालीन सरकार समक्ष मन्त्री मण्डल गठन गरिंदा मतवाली वर्ग (गुरुङ, मंगर, राई, लिम्बू, तामाङ, नेवार, थारु, थकाली इत्यादि) लाई समावेश नगरी तागाधारी वर्ग (बाहुन र छेत्री) लाई मात्र समावेश गर्ने सुझाव दिएका थिए। यही सिद्धान्त अनुसार लिम्बूहरूलाई प्रान्तीय राजाबाट बर्खास्त गरिएपछि अर्थात राजा राजेन्द्र वीर विक्रम शाहको पालादेखि राजा त्रिभूवनको पालासम्म वा शाहवंशीय राजाहरूका पाँचौं पीढ़ीसम्म लिम्बूहरूलाई चौतरिया, काजी, सरदार अर्थात प्रधान मन्त्री, मन्त्री र सेनापति जस्ता सर्वोच्च पदमा नराखी केवल सुब्बा, राई र अमाली जस्ता स्थानीय प्रशासकका पदमा मात्र सीमित राखिदिए।

सन १९३०-३१ तिरको कुरा, लिम्बूवानमा गुरू फाल्गुनन्द लिङदेन भनिने एक जना सन्त निस्केका थिए। उनले हिन्दू धर्मको एक शाखा जोसमणि सम्प्रदायलाई लिम्बूकरण गरी 'सत्यहाङमा' नामक अर्कै मतका प्रतिपादन गरे। साथै गुरु फाल्गुनन्द लिङदेनले कति हिन्दू कर्मकाण्डहरू लिम्बू लिपि र भाषामा रुपान्तर गराएका थिए। र यी सत्यहाङमाहरू पुरोहित झैं होमादि यज्ञहरू गरी दान दक्षिणा लिन थाले। सत्यहाङमाहरूको यो पुरोहित्याइँ देखेर बाहुन क्षेत्री पुरोहितहरूलाई ईर्ष्या हुनु अस्वाभाविक थिएन। किन भने यी सत्यहाङमा पुरोहितहरूले गर्दा बाहुन क्षेत्री पुरोहितहरूको यजमान (आयस्रोत) घटन थालेको थियो। परिणामतः सन १९३८ मा कञ्चन गिरि भन्ने एक जना क्षेत्रीले धनकुटा गौंडाका बडाहाकिम माधव समसेर राणाकहाँ 'फाल्गुनन्द भन्ने एकजना लिम्बू साधु छ। उनले पहिलाको लिम्बूवान राज्य कायम गर्न पर्छ भन्दै लिम्बूहरूलाई भडकाउँदैछ' भन्ने व्यहोराको पोल पुऱ्याए। यो पोल सुनेपछि माधव समसेर राणाले गुरु फाल्गुनन्द लिङदेनलाई देशद्रोहको अभियोगमा पक्राऊ गराई धनकुटा गौंडामा ल्याए। तर यो अभियोग प्रमाणित हुन नसक्दा गुरु फाल्गुनन्द लिङदेनलाई कुनै दण्ड-सजाय नगरिकनै धनकुटा गौंडाबाट मुक्त गरियो। यसरी भए नभएका पोलझोस गरी बाहुन क्षेत्रीले गुरु फाल्गुनन्द लिङदेनलाई धेरै पल्ट दुःख

दिएको वेदना अझै पनि उनका अनुयायीहरू सुनाउने गर्छन। यसबाट त्यसबेला दुष्ट बाहुन क्षेत्रीद्वारा यी सत्यहाङमोहरूलाई कति सताईएका थिए होलान भन्ने कुरा स्वतः अनुमान लगाउन सकिन्छ।

अब लिम्बूहरू राणाहरूको जातिवादी शोषण र शासनदेखि आहत भै सकेका थिए, र त्यसबाट राहत पाउन छटपटाई रहेका थिए। लिम्बूवानको यस्तो सम्वेदनशील स्थिति तथा अवस्थामा ६ नोभेम्बर १९५० को दिन एक्कासी राजा त्रिभूवनले आफ्ना परिवार सहित नारायण हिटी राजदरवार छाड़ी काठमाडौं स्थित भारतीय राजदूतावासमा शरण लिए यता प्रधान मन्त्री मोहनसमसेर राणाले ८ नोभेम्बरको दिन राजा त्रिभूवनलाई अपदस्थ गरी उनको बदला त्रिभूवनका माइला नाति ३ वर्षीय ज्ञानेन्द्रको राज्याभिषेक गराई बाकायदा नेपालका राजा घोषित गरे। अनि राजा ज्ञानेन्द्रको नाममा मुद्रा पनि चलाए। १० नोभेम्बरमा पुनः त्रिभूवनले सपरिवार दिल्लीतर्फ प्रस्थान गरे। यहीं अवसरमा नेपाली काँग्रेसले राणाशाहीको विरुद्धमा सशस्त्र क्रान्तिको आहवान गरे। त्यतिखेर लिम्बूवानमा पनि नेपाली काँग्रेसले एउटा इस्तिहार जारी गरी राणा शासनदेखि पीड़ित लिम्बूहरूलाई यस्तो आहवान र आश्वासन दिए "......लिम्बूवानहरूले श्री ५ महाराजाधिराजबाट भएको लालमोहरमा राणाशाहीले जति बाधा दिएको छ। सो सबै पुरानो हक तपाईं-हरूले नेपाली काँग्रेस सरकार मार्फत पाउनु हुनेछ।......'

यो आहबानले लिम्बूवानमा आगोमा घ्यूको काम गर्‍यो। अब नेपाली काँग्रेसद्वारा सञ्चालित जन मुक्ति सेनामा भर्ना भै जी० बी० याक्थुङबा, बी० बी० चेंम्जोङ, कमानसिंह लिम्बू प्रभृति सेनानीका अजेय नेतृत्वमा राणा सरकारको विरुद्धमा लिम्बूहरू पनि क्रान्ति गर्न अग्रसर भए। ३।४ महीनाबाद लिम्बूहरूका यो जन मुक्ति सेनाले सशस्त्र क्रान्तिद्वारा लिम्बूवान स्थित राणा-शाहीका सारा अड्डाखाना कब्जा गरे। अब जन मुक्ति सेनाले ती अड्डाखाना-का राणा प्रशासकहरू र राणा समर्थक बाहुंन क्षेत्री सबैलाई लिम्बूवानबाट धपाई दिए। अनि यी क्रान्तिकारीहरूले लिम्बूवानको स्वशासनको निमित्त धनकुटामा ललीतबहाबूर तुम्बाहाङफेको प्रधान मन्त्रीत्वमा १६ विभागीय लिम्बूवान मन्त्री परिषदको गठन गरे। यो मन्त्री परिषदमा प्रेमबहादूर माबोहाङ

गृह विभागका मन्त्री र कमानसिंह लिम्बू रक्षा विभागका मन्त्री थिए।

तर ८ फरवरी, १९५१ मा दिल्लीमा निर्वासित रहेका राजा त्रिभुवन, राणा सरकार र नेपाली काँग्रेस बीच त्रिपक्षीय गोप्य सम्झौता भयो। यो सम्झौता अनुसार १५ फरवरीमा त्रिभुवन दिल्लीबाट सपरिवार काठमाडौं फर्केर आए, अनि ज्ञानेन्द्रलाई राजगद्दीबाट हटाई पुनः त्रिभुवन आफै राजगद्दीमा बसे। अब राणाहरूलाई नहटाई फेरि पनि प्रधान मन्त्री मोहनसमसेर राणाकै अध्यक्षतामा राणा र काँग्रेस दुवै सदस्य भएको संयुक्त मन्त्री परिषद गठन गरियो, र सर्व साधारण जनतामा राणा शासकहरूलाई हटाईएको तथा देशमा प्रजातन्त्र स्थापना गरिएको ढोल पिटियो। सन १९५१ को क्रान्तिमा राणाहरूलाई सत्ताबाट हटाईयो भनिन्छ, तर वास्तवमा त्यसो गरिएका थिएन, बरु राणा-काँग्रेस गठबन्धनबाट राणा-काँग्रेस संयुक्त सरकार पो गठन गरिएको थियो।

अब राणा-काँग्रेस संयुक्त सरकारले सर्वप्रथम लिम्बूवान मन्त्री परिषदका केही मन्त्रीहरूलाई किनी उक्त मन्त्री परिषदलाई भंग गरिदियो। त्यसपछि क्रान्तिको दरम्यानमा लिम्बूवानबाट धपाईएका बाहुन क्षेत्रीको न्यायको नाममा मुक्ति सेनाका निर्दोष क्रान्तिकारीहरूलाई दण्डित गर्ने र कथित बाहुन क्षेत्री शरणार्थीहरूको पुनर्वासको नाममा लाखौं लिम्बूहरूलाई बेघरवार बनाउने काम गरियो।

यसरी नेपाली काँग्रेसले राणा सरकारसित सम्झौता गरी लिम्बूहरूलाई धोका दिएको र क्रान्तिपूर्व लिम्बूहरूलाई दिएको आफ्नो वचनलाई पूरा नगरेकोले गर्दा नेपाली काँग्रेसप्रति लिम्बूहरू क्षुब्ध भए, अनि लिम्बूहरू त्यस धोखेबाज राणा-काँग्रेस संयुक्त सरकारको विरुद्धमा पुनः विद्रोहमा उत्रे। तर इलाम जिल्लाका डी० आई० जी० बी० बी० चेम्जोङले इलाम मंगलबारे बजारमा आततायी पुलीसको गोलीबाट दुइ जना लिम्बू विद्रोहीको नृशंस हत्या गराई यो लिम्बू विद्रोहलाई कायरतापूर्वक दबाईदिए।

सन १९५१ का क्रान्ति पश्चात लिम्बूवानमा अनगिनती आञ्चलिक पार्टीहरूको गठन भयो, ती पार्टीहरू मध्ये अखिल लिम्बूवान सुधार संघले

लिम्बूवान प्रान्त, किरात स्टेटले किरात स्टेट र अखिल नेपाल लिम्बूवान चुम्लुङ सभाले लिम्बूवान स्वायत शासनको माग तत्कालीन सरकार समक्ष पेश गरेका थिए। उपर्युक्त मांगहरू न त सरकारले पूरा गरिदिए, न त उक्त पार्टीहरूले आफ्नो मांग पूरा गराउन संघर्ष नै गरे। अब यी मांगहरू पनि स्वतः सेलाएर गयो। यति हो, लिम्बूवानको किपट भूमि र लिम्बूको रीति स्थिति चाहिं कायम नै रहेकोले त्यसबेलासम्म लिम्बूहरू एकप्रकार सम्पन्न र सुरक्षित नै थिए।

सन १९५६ मा प्रधान मन्त्री टंकप्रसाद आचार्यको कार्यकालमा किपट, रीति स्थिति सम्बन्धमा विचार-विमर्श गर्न एक लिम्बूवान प्रतिनिधि मण्डल राजधानीमा बोलाईएको थियो। जस अनुसार २८ नोभेम्बर १९५६ मा लिम्बूवानको राजनैतिक, आर्थिक, शैक्षिक इत्यादि मांग-पत्र बोकेर ललीत-बहादूर तुम्बाहाङफेको अध्यक्षतामा २९ सदस्यीय लिम्बूवान प्रतिनिधि मण्डलले राजधानी प्रस्थान गर्‍यो। यसै बेला सूर्यबहादूर थापा, बद्रीप्रसाद थपलिया, तिलविक्रम मास्के, गंगाप्रसाद सिटौला र गंगा दाहालहरू मिलेर बाहुन क्षेत्री-हरूको संगठन थरी युनियनको गठन गरी उक्त लिम्बूवान प्रतिनिधि मण्डलको मांगको विरोधमा पर्चाबाजी गरे। तर प्रधान मन्त्री टंकप्रसाद आचार्यले यो थरी युनियनको विरोधको बेवास्ता गर्दै लिम्बूवान प्रतिनिधि मण्डलका न्यायोचित मांगप्रति सहानुभूति दर्शाउँदै, सुब्बा देवमान आङदेम्बेलाई उप-मन्त्री समेत बनाई दिए। यसरी नेपालमा लिम्बू जातिलाई मन्त्री बनाईएको यो प्रथम र ऐतिहासिक हो।

जब १५ दिसम्बर १९६० मा हठात राजा महेन्द्रले सन १९५७ को आमनिर्वाचनमा बहुमतले निर्वाचित तत्कालीन मन्त्री परिषद र संसदलाई विघटन गरी प्रधान मन्त्री वी० पी० कोइराला लगायत १२४ जना राजनेता-हरूलाई गिरफ्तार गरे। त्यहीं दिनदेखि देशका समस्त राजनीतिक दल-हरूमाथि प्रतिबन्ध लगाईयो। सभा, विरोध प्रदर्शन र प्रेसमाथि पनि रोक्का लगाईयो। साथै मुलुकमा बहुदलीय प्रजातान्त्रिक व्यवस्थालाई हटाई एकदलीय पञ्चायत व्यवस्था लादियो। त्यसपछि लगतै २६ दिसम्बरमा राजा महेन्द्रले आफ्नो अध्यक्षतामा १० जना सदस्य भएको मन्त्री परिषदको

गठन गर्‍यो। यो मनमानी मन्त्री परिषदले ताम्रपत्र र लालमोहरमा अभिव्यक्त राष्ट्र निर्माता पृथ्वीनारायण शाहको वचनलाई समेत उल्लङ्घन गर्दै बचेखुचेको सुब्बा, राई र अमाली जस्ता अधिकारबाट पनि वञ्चित गरी निर्दोष लिम्बूहरूलाई बागी हुन बाध्य पारियो। र सन १९६१ मा लिम्बूहरू लिम्बूवानको आपुङ्गी राज्य पुनर्स्थापनाको निम्ति भू० विक्रम नेम्बाङको नेतृत्वमा सशस्त्र विद्रोह गर्न समेत पछि परेनन्। अब लिम्बूहरूको यो विद्रोहलाई दमन गर्न सरकारले व्यारेक (शाही सेना) पठाउन पर्‍यो। लिम्बूवानमा पठाईएका यी व्यारेकहरूले लाखौं निर्दोष नरनारीमाथि धड़पकड़, हत्या र बलात्कारको श्वेत आतङ्क मच्चाए। यी व्यारेकहरूले दोषी र निर्दोषी नै नछुट्ट्याई जथाभावी अत्याचार गर्दै हिड़े। यहाँसम्म गरेकि विद्रोहको अभियोगमा कुनै अभियुक्तलाई मृत्युदण्ड दिन परे, ती कथित अभियुक्तलाई पुरिने खाडल (चिहान) ऊ आफैलाई खन्न लगाउँथे। खनी सकेपछि व्यारेकहरूले गोली ठोकेर त्यहीं पुरिदिन्थे—सास जाओसकि नजाओस। यस्तरी यो रक्त पिपासु व्यारेकहरूले अभियुक्तहरूलाई स्वच्छन्द मर्न पनि दिंदैनथे। यो त भयो, आफ्नो चिहान आफै खन्न लगाई पुरिएकाहरूको कथा। अब यसको अलावा व्यारेकहरू गस्ती गरिहिड़ेका बेला कोही खेत र बारीमा खेती गरिरहेका खेताला, कोही गाई वस्तु चराईरहेका गोठाला र कोही बाटो हिड्डिरहेका बटुवाहरूलाई पनि लोग्ने मान्छे भए सोझै गोलीको निशान बनाएर स्याल र गिद्धको आहारा बनाइँथे, स्वास्नी मान्छे भए जीउँदै पकड़ेर सयौं कामुक व्यारेक जवान त्यस अवला नारीमाथि ओईरिएर सामूहिक बलात्कार गरी तड़पाई-तड़पाई मारेका व्यथा बेग्लैछ। तर यो विद्रोह असफल भएकोले भू० विक्रम नेम्बाङ लगायत हजारौं लिम्बूहरू विसौं वर्ष विदेशिन पर्‍यो। तर दुर्भाग्यको कुरो एकताका लिम्बूवानको आपुङ्गी राज्यको निम्ति लड़ने योद्धा भू० विक्रम नेम्बाङ अव आएर नेपाली काँग्रेसको बहकाईमा बहकिएर आफ्नो बाटो विराउनु भएको छ भन्दा यहाँ व्यक्तिगत आक्षेप हुन सक्दैन।

सन १९६० मानै लिम्बूवानमा पञ्चायत व्यवस्था लागू गराई सकिएको भए तापनि आंशिक रुपमा लिम्बूवान नेपालको एक पृथक प्रशासनिक ईकाईको रुपमानै थियो। तर सन १९६२ मा लिम्बूहरूलाई सुब्बा, राई र अमाली पदबाट पनि पदच्युत गरी लिम्बूवानमा लिम्बू प्रशासनको पूर्ण रुपमा अन्त्य गरियो।

त्यसपछि सन १९६७ मा परम्परागत किपट व्यवस्था तोड्दै लिम्बूवानमा पनि भूमि सुधार लागू गरियो। अब किपटिया लिम्बूहरूले हदबन्दी ८० रोपनी भन्दा बेसी जग्गा कमाएको पाएमा कानूनी कार्यवाही हुने भयो, तर टाठा-बाठा बाहुन क्षेत्रीहरूले भने हजारौं बिघा जमीन ओगटेर राख्ता पनि कुनै कानूनी कार्यवाही नै भएन। लिम्बूवानमा लिम्बूको किपट अन्य बाहिरियाले भोग बन्धकमा बाहेक फार्सा-राजीनामा किन्न बन्द रहेकोमा यो भूमि सुधार आएपछि लिम्बूको किपटको फार्सा-राजीनामा खुलेकोले अधिकांश लिम्बूको जमीन बाहिरियाहरूको हात पर्दै गयो। यहीं भूमि सुधारले लिम्बूवानमा मोहीको मोहीयानी हक पनि राखिदिएकोले गरीबी र अभावले ग्रसित लिम्बूहरूले साहु महाजनकहाँ भोग बन्धक राखेका आफ्ना किपट जग्गामा तिनै साहु महाजनको मोहीयानी हक लागी कैयन लिम्बूहरूले आफ्ना खेत र बारी गुमाउँदै आउन परेका छन्। यसरीनै अनेकन् जालसाज र प्रपञ्चद्वारा सयौं वर्षदेखि लिम्बूको भूमि खोसेर अन्य बाहिरियाहरूको हातमा पुऱ्याउने चाल सत्तापक्षबाट चालिंदै आएको देखिन्छ।

सन १९६७ मा राजा महेन्द्रलाई लिम्बूवानको किपट र रीति-स्थिति सम्बन्धमा स्मरण गराउन केप्टेन दलबहादूर लिम्बूको अगुवाईमा एक लिम्बूवान प्रतिनिधि मण्डल काठमाडौ गयो। तत्कालीन काठमाडौंका म्याजिष्ट्रेट तेजबहादूर प्रसाईले यस प्रतिनिधि मण्डलका सदस्यहरू मध्ये केप्टेन दलबहादूर लिम्बू र लेप्टेन मानबहादूर पङयाङगुलाई प्रहरीद्वारा गिरफ्तार गरेर जेलमा ठुँसे। लेप्टेन मानबहदूर पङयाङगु जेलमा बिमार भएकै कारण पछि उनको असामयिक निधन भयो।

सन १९६८ मा धरानमा सुब्बा प्रेमबहादूर माबोहाङ, कृष्णबहादूर थाङदेन र जमादार हर्कप्रसाद नेम्बाङहरूले एउटा 'किपट सम्पर्क समिति' गठन गरेर यही समितिके तत्वावधानमा २ नोभेम्बर १९६८ मा धरान विजयपुरको बूढा सुब्बा मन्दिरको प्राङ्गणमा किपट विषयक एउटा सम्मेलनको आयोजन गरेका थिए। यो सम्मेलनलाई बिथोल्न तत्कालीन कोशी अञ्चलाधीश बद्री विक्रम थापाले केप्टेन नरबहादूर कुरुम्बाङलाई किनी यस सम्मेलनबारे भ्रामक प्रचार गर्न लगाए, तरै पनि उक्त किपटिया सम्मेलन सम्पन्न भै

छाड्यो। यो सम्मेलनले एउटा लिम्बूवान प्रतिनिधि मण्डल राजाकहाँ पठाउने निर्णय गऱ्यो। उक्त निर्णय अनुसार सुब्बा प्रेमबहादुर माबोहाङको अध्यक्षतामा लिम्बूवान प्रतिनिधि मण्डल राजधानी गै राजा महेन्द्रसित लिम्बूवानको किपट समस्याबारे विन्ति चढ़ाएका थिए।

यसपछि लगतै २ र ३ दिसम्बर, १९६८ मा तेह्रथुम म्याङलुङ बजारमा पद्मसुन्दर लावती र समसेरबहादुर तुम्बाहाङफेले अर्को एक बृहत किपटिया सम्मेलन बोलाएको थिए। दुइ दिनसम्म चलेको यो सम्मेलनमा ५००० जति किपटिया लिम्बूहरू मेला भएका थिए। यो सम्मेलनमा पनि लिम्बूवानमा भूमि सुधार लागू नगरियोस, पुरानै किपट स्थिति नै कायम राखियोस भन्ने आशयको प्रस्ताव पास गरी राजाकहाँ पठाएका थिए। तर दुःखको कुरो यहाँ मेला भएका लिम्बूहरू आफ्ना किपट र रीति-स्थितिप्रतिको आस्था र प्रेमले आएका थिए भने पद्मसुन्दर लावती र समसेरबहादुर तुम्बाहाङफेको नियत चाहिं तत्कालीन मन्त्री परिषदलाई भंग गरेर अर्को मन्त्री परिषद गठन गरी आफूहरू पनि मन्त्री हुने एक राजनैतिक दाउपेच मात्र थियो।

यस बाहेक लिम्बूवानमा पञ्चायत व्यवस्थाको अन्त्य, र किपट र रीति-स्थितिको पुनर्बहाली खातिर लिम्बू जनताले व्यक्तिगत रुपमा होस वा सामूहिक रुपमा होस बारम्बार आवाज उठाउँदै आएका देखिन्छन् जो जो आजतक त्यसको कुनै सुनवाई हुन सकेको छैन्। यसप्रकार एक दुइ आत्म बेचुवा लिम्बूहरू बाहेक आम लिम्बूको निम्ति तथाकथित पञ्चायत व्यवस्था र भूमि सुधार कार्यक्रम कहिल्यै स्वीकार्य भएन। अपवादको रुपमा यदाकदा लिम्बूहरूले पञ्चायत व्यवस्था र भूमि सुधार स्वीकार गरेका भए तापनि यो स्वेच्छा होइन, बाध्यता मात्र हो।

सन १९७९ मा इलाम अनि सन १९८० मा धनकुटामा नक्सलाइटहरूको सफाई गर्ने भनी त्यहाँ राई लिम्बूलाई दमन गर्ने जुन ताण्डवनृत्य गरियो, यो पनि एउटा सुनियोजित षडयन्त्रनै थियो। किन भने यो सफाई अभियानमा एकजना पनि बाहुन क्षेत्री नेता र कार्यकर्ता पक्रिएनन्, मारिएनन्। जति पनि प्रहरीद्वारा पक्रिए, मारिए, ती जम्मै राई लिम्बू नेता र कार्यकर्ता मात्र

थिए। यसबाट इलाम र धनकुटामा तथाकथित नक्सलाइट सफाई गर्ने अभियान चलाउनुका कहीं राई लिम्बू सफाई गर्ने चाल त थिएन ? भन्ने प्रश्न पनि खड़ा हुन्छ।

सन १९७९ मा यो अप्रजातान्त्रिक, अवैज्ञानिक र अधिनायकवादी पञ्चायती व्यवस्थाका विरुद्धमा मुलुकका समस्त जनता आन्दोलित भै उठे। शुरु-शुरुमा पञ्चायती शासकहरूले यो आन्दोलनलाई संगीन र बूटले दबाउनखोजे, तर संगीन र बूटले यो आन्दोलन नदबिएपछि २३ मे, १९८० मा वर्तमान राजा वीरेन्द्रबाट निर्दल (सुधारिएको पञ्चायत ब्यवस्था) र बहुदल (प्रजातान्त्रिक ब्यवस्था) मध्ये एक व्यवस्थाको छनौटको लागि राष्ट्रीय जनमत संग्रहको घोषणा भयो। यहीं पञ्चायत व्यवस्थाले नै लिम्बूहरूको किपट र रीति स्थिति जस्ता सबै मौलिक हक अधिकार खोसिदिएको कारण यस जनमत सग्रहमा लिम्बूहरू सिङ्गै बहुदलीय पक्षमा जाने सम्भावना थियो। अनि जनमत संग्रहमाक दाचित बहुदलीय पक्षले जितेको खण्डमा लिम्बूहरूले पनि लुटिएको आफनो राजनैतिक, आर्थिक, भाषिक अधिकार खोज्न पाउने प्रजातान्त्रिक वातावरण तैयार हुने थियो। एकाधिकारवादीहरू यस्तो भएको देख्न चाहान्दैनथे। अतः एकाधिकारवादी सत्ताधारीहरूले कथित धर्मगुरु आत्मानन्द लिङदेनलाई नगद रु० १०,०००/- मा भाडामा किनेर ४ अप्रेल, १९८० मा पाँच थर फिदिममा 'किरात धर्म तथा साहित्य उत्थान संघ' नामक संस्था खोली जनमत संग्रहमा निर्दलीय पक्षले जितेको खण्डमा लिम्बू धर्म र साहित्यका मान्यता दिने तथा लिम्बू लिपिको प्रेस बनाई दिने आश्वासन दिंदै लिम्बूहरूलाई दिग्भ्रमित पारेर कैही अदूरदर्शी लिम्बूहरूलाई निर्दलीय पक्षमा आफनो मत दिन लगाएर तथा हरप्रकारको धाँधली गरेर यस राष्ट्रिय जनमत संग्रहमा निर्दल पक्षलाईनै जिताई छाड़े। यसरी जनमत संग्रहमा निर्दल पक्षले जितेर पनि सरकारले लिम्बू धर्म र साहित्यको मान्यता दिएका अनि लिम्बू लिपिको प्रेस बनाइदिएको कहीं देखिएन। यो निर्दलीय लिम्बूहरूको निम्ति ठूलो सबक हुन गएको छ।

१४ जनवरी, १९८३ मा धनकुटामा राजा वीरेन्द्रको सवारी भएको थियो, यहीं सवारीको अवसरमा पाँच थर लुवाफू गाउँ पञ्चायतका तत्कालीन

प्रधान पञ्च विरजहाङ जवेगुले राजा समक्ष लिम्बूवानको किपट विषयमा एउटा विन्ति पत्र चढ़ाएको थियो। यो चाल पाउने वित्तिकै प्रमुख जिल्ला अधिकारी टीकादत्त निरौलाले नीज विरजहाङ जवेगुलाई प्रहरीद्वारा पक्राऊ गरी फिदिम जिल्ला कार्यालयमा ल्याई यो चेतावनी दिए "......यो देश शाहवंश र तिमी लिम्बूहरूको मात्र हो? हामी बाहुन क्षत्रीको होइन? आइन्दा राजाकहाँ कुनै विन्ति पत्र चढाउलास? यस्तो गरेको पाएमा तिमीलाई जेलमा कुहाई दिन्छु।......" अब विरजहाङ जवेगु जस्ता सत्ताधारी पञ्चलाई समेत यस्तो दुर्व्यवहार गरिन्छ भने अन्य अधिकार विहीन लिम्बू जनताप्रति यस्ता बाहुन क्षेत्री प्रशासकहरूले के कस्ता व्यवहार गरिरहेका हुनन यहाँ चर्चा गरिरहन परोईन।

सन १९८३ कै कुरा, पाँच थर जिल्लामा त्यहाँका भाषाप्रेमी लिम्बू युवक-युवतीहरू स्वयंसेवक भै लिम्बू लिपि र भाषाको रात्रि पाठशालाहरू संचालन गर्दा २३ जनवरी, १९८३ मा पाँच थरका जिल्ला शिक्षा अधिकारी रामस्वरुपसिंहले '..... यसप्रकारको क्षेत्रीय भाषाको पाठशाला खोल्न अनुमति दिने नीति न भएकोले .....' भन्दै उक्त लिम्बू पाठशालाहरू बलपूर्वक बन्द गरी प्रशासनसित मिलेमतो गरेर ती स्वयंसेवकहरूलाई 'आतङ्ककारीको' झुठा आरोपहरू लगाउँदै आफ्नो घरवारदेखि उच्छेद गर्ने दमनात्मक कार्यहरू गरियो।

यसरी एकातिर नेपालमा लिम्बू लिपि भाषाको पठन-पाठन कार्यमा निषेध गरिएको थियो भने अर्कातिर सिक्किम देशमा चाहिं सरकारी तहमै लिम्बू लिपि भाषाको पठन-पाठन कार्यमा प्रोत्साहित गरिंदै आएको देखिन्छ। सिक्किममा भोटिया राजा छोग्याल पाल्देन थेण्डुप नामग्यालको राजत्वकाल अर्थात सन १९६८ देखिनै सिक्किम अधिराज्यका कतिपय स्कूलहरूमा एक इच्छाधीन विषयको रुपमा लिम्बू लिपि र भाषाको शिक्षण हुंदै थियो। अनि सन १९७५ मा सिक्किम भारतीय संघमा विलय गरिएपछि त्यहाँ लिम्बू लिपि भाषाको ठोस रुपमा विकास भएको देखिन्छ। प्रमाणको लागि सन १९७९ मा लिम्बू लिपि र भाषाले पाँचौं श्रेणीसम्म स्वीकृति पायो, सन १९८० मा लिम्बू लिपि र भाषाले आठौं श्रेणी, भोटिया लेप्चा र नेपाली भाषा सरह लिम्बू भाषाले पनि राज्य भाषा एवं दशौं श्रेणीसम्म मान्यता हासिल गर्न सक्यो।

यहीं क्रममा सन १९८३ मा लिम्बू लिपि र भाषाले पनि बाह्रौं श्रेणीसम्म स्वीकृति प्राप्त गर्नका अतिरिक्त आकाशवाणी गान्तोकबाट 'लिम्बू कार्यक्रम' पनि प्रसारण गर्न प्रारम्भ गरियो। २८ नोभेम्बर, १९८४ मा भारतका राष्ट्रपति ज्ञानी जैलसिंहको बाहुलीबाट लिम्बू लिपि डिजाइनको निमित्त राष्ट्रीय पुरस्कार (ताम्रपत्र) पनि प्रदान गरियो। भारतीय केन्द्र सरकार र सिक्किम राज्य सरकारको कृपादृष्टि प्राप्त गरेर भारतको सिक्किम राज्यमा विभिन्न विधामा लिम्बू साहित्यको सृजना हुन थालेको छ, जसले गर्दा आज मृत प्रायः लिम्बू साहित्यलाई पुनर्जीवन मिलेको छ भन्दा यहाँ द्विमत हुंन सक्दैन।

युगौं युगदेखि नेपालमा लिम्बूको ऐतिहासिक, भौगोलिक, राजनैतिक, धार्मिक, भाषिक, सांस्कृतिक सबै-सबै अस्तित्व र अस्मितालाई ध्वस्त पार्न साम, दाम, दण्ड, भेद ज़स्ता हरप्रकारको कूटनीतिक प्रहार गरिंदै ल्याईएको कुरा त सर्वविदितै छ। किन्तु अब आएर यसप्रकारको कूटनीतिक प्रहारलाई अरु व्यापक र तीब्र पारिंदै लगिएको आभास हुन्छ। दृष्टान्त : आज सम्बन्धित तहबाट लिम्बूवान भन्नाले पाँचथर, इलाम, तेह्रथुम, धनकुटा, संखुवासभा र ताप्लेजुङ छ जिल्ला मात्र हो भनी लिम्बूवानको तराई क्षेत्र अतिक्रमण गरिएको छ। तर वास्तवमा लिम्बूवान भन्नाले तराईका झापा, मोरङ, सुनसरी लगायत पहाड़का धनकुटा, तेह्रथुम, संखुवासभा, ताप्लेजुङ, पाँचथर र इलाम गरी ९ जिल्ला हो अनि त्यस्तै गरी लिम्बूवानका गाउँ ठाउँ-का नामहरू पनि लिम्बू भाषाबाट परिवर्तन गराई नेपाली भाषामा राख्न थालिएको छ। जस्तै धनकुटा (चौविसे) को हाङसेरेम्भूलाई हंसमारेङ पाँच-थरको अमलाबुङलाई नवमीडाँडा, इलाम (चारखोला) को आङदाङयोकलाई धुसेनी इत्यादि गाउँ ठाउँका लिम्बू नामहरू नेपालीमा परिवर्तित गरिएको छ। साथै सन १९९१ को जनगणना नेपालमा लिम्बूको कूल जनसख्या १२९२३४ मात्र देखाईएको छ। अपितु सन १९५६ मै नेपालमा मात्र लिम्बूको जनसंख्या १०,००००० थियो। एवं रीतले केही वर्ष यता एकजना प्रपन्नाचार्य भन्ने राई साधुलाई सानातिना प्रलोभनमा पारी लिम्बूहरू हिन्दू, आर्य र क्षेत्री हो, हुंनपर्छ। लिम्बूहरूले पनि व्रतबन्ध गर्न पर्छ. जनै लगाउन पर्छ भनी भ्रम फैलाउन लगाईएको छ। जबकि लिम्बूहरू त्यस्तो हिन्दू, आर्य र क्षेत्री न भै खाँटी असूर, किरात र मंगोल हुन। यस्ता विसंगतिपूर्ण कुरा-

हरू यहाँ लाख छन, तौ सबै यो सानो पुस्तिकामा उल्लेख गर्न सम्भव भएन।

अन्त्यमा लिम्बू र लिम्बूवानप्रति गरिएका यस्ता षडयन्त्र, प्रपञ्च र आक्रमणहरूलाई मध्ये नजरमा राखेर आज प्रत्येक लिम्बू हुँ भन्नेहरूले एकै-क्षण भए पनि आफ्ना व्यक्तिगत अहम र स्वार्थलाई बिर्सेर एकगठ भै आफू र आफ्ना सन्तानको भविष्यबारे चीसो दिमागले सोच्न, आफ्नो धर्म दर्शन, राजनीति, कला र साहित्य इत्यादि अस्तित्व र अस्मिताको रक्षा गर्न तथा लिम्बूवानको यो जल्दाबल्दा समस्या समाधनार्थ युगानुकूल कदम चाल्न अत्यावश्यक भै सकेको छ। अन्यथा अबको केही वर्ष भित्रनै यो जातिवादी निरंकुश सत्ताद्वारा आफ्नो राष्ट्र, आफ्नो जाति र आफ्नो अधिकारको निम्ति देही गर्न खोज्ने लिम्बू युवक-युवतीहरूलाई 'आतङ्ककारी' को सजिलो संज्ञा दिंदै तातो गोलीले चीसो बनाईने छ। अवशेष भग्नावशेषको रुपमा रहेका लिम्बूवानको ऐतिहासिक स्थल, चिन्ह र नामहरू पनि मिटाईने छ। नेपालमा लिम्बूहरूलाई आफ्ना सभ्यता र संस्कृति सबै सबै विस्मृत गराई कृत्रिम बाहुन क्षेत्री बनाईने छन्। सम्भवतः यहुदीहरूले प्यालिस्टाईनहरूलाई आफ्नो घर-आँगनबाट खेदिए झैं यी बाहुन क्षेत्रीले पनि लिम्बूहरूलाई आफ्ना घर आँगन-देखि खेदिन बेर लगाउने छैनन्। शताब्दिऔं शताब्दिदेखिन लिम्बूवानमा प्रयुक्त औपनिवेशिक ढाँचाको षडयन्त्रमूलक नीति र व्यवहारले यहीं नै सिद्ध गर्छ।

परिशिष्ट

लेखकको संक्षिप्त परिचय

—गोपाल गुरुङ

५ थर इम्बुङमा एउटा कृषक परिवारमा अगष्ट २१, १९५८ मा जन्म। ५ वर्षका छंदा बाबु प्रदेशिएकोले हुर्काउने भार आमामा आइ परेको। हाइ स्कूलसम्मको शिक्षा धरानबाट प्राप्त। मार्च ७, १९७६ मा आफ्नै गाउँमा "फक्ताङलुङ निसामहीन" लिम्बू भाषाको स्कूल खोली लिम्बू भाषा र लिपिको ज्ञान त्यस भेकका लिम्बू केटा केटीलाई दिने काम निशुल्क गरेका।

मे १८, १९७७ मा लिम्बू भाषा र लिपि विरोधी अभियानमा लागेका कृष्णकुमार फेजोङ, हरिचरण आचार्य, लीलानाथ आचार्यले लिम्बू भाषा र लिपि पढ्ने शिक्षार्थी र पढाउने शिक्षकहरू माथि ठूलो षडयन्त्र गरी "राजाको विरोध गऱ्यो" भन्ने झुटो आरोपको प्रचार गर्दै पोल हाले। किनभने फटाह-हरूको निम्ति यहि हतियार नं एउटा धारिलो हतियार हो। त्यसरी पोल हालेको दुई दिन पछि वीर नेम्बाङ सहित लिम्बू भाषा पढ्ने र पढाउने १८ जनालाई सशस्त्र प्रहरीद्वारा पकडी फिदीम प्रहरी थाना पुऱ्याई प्रमुख जिल्ला अधिकारी डम्बर बल्लभ भट्टराईले साफी पिटन लगाएको। मे ९, १९७९ मा ८ राई सक्राति बजार मदन मेलामा लिम्बू भाषाको दमन र किपट भूमिको मालपोतको विषयमा लिम्बूहरूलाई आवहान प्रकाशित गरी चेतनशील बनाउँदा त्यसको दुई तीन दिन पछि तापलेजुङ फुङलिङ बजारमा पूर्व हवलदार पृथ्वी बहादूर मादेन, गंगाराम लिङखिम सहित पक्राउ पक्राउ पछि दारुण यातना। आवहानको तिब्र असर परे पछि इलाम शिरिसेको आशहाङ मादेन दमक झापामा पक्राउ, चन्द्रगढी झेल चलान। आठराई हाङपाङको ईश्वर आङबु-हाङ फरार। इलाम क्याम्पसकी त्यएताकाकी सुश्री प्रमिला नेम्बाङलाई इलाममा र ५ थर पौवा सारतापकी सुश्री सृजना नेम्बाङ (श्रीमती उर्मिला थेबे) लाई फिदिममा बयान।

त्यसको दुइ महीना पछि जुलाई २० को दिन त्यस ताकका मेची अंचलाधीश लिलाराज बिष्टका तजवीजमा पृथ्वीबहादूर मादेन तारिखमा

छुटकारा त वीर नेम्बाङ र गंगाराम लिङखिम राजकाज मुद्दामा झेल। त्यसको एक वर्ष पछि १९६० मे २३ को रिफरेण्डम घोषणा पछि गंगाराम लिङखिमको छुटकारा। तर त्यसको तीन महीना पछि अगस्ट ३० को दिन अंचलाधीश विष्टद्वारा आशहाङ मादेन सहित वीर नेम्बाङलाई २-२ वर्षको झेल सजाय र ५-५ सौ जरिबानाको फैसला। एप्रिल १३, १९६० मा श्री ५ महाराजाधिराजको निगाहाले आममाफी, एप्रिल १४ मा दुवै झेल मुक्त। एप्रिल १५ मा बहुदलवादीहरूद्वारा इलाममा भव्य स्वागत। तीन दिन पछि एप्रिल १९ मा इम्बुङवासीले दियो कलश र बाजागाजा सहित स्वागत. छोरी चेलीको सगुन, बुढापाकाबाट आशिष।

सेप्टेम्बर ८, १९६३ मा लिम्बूवानमा लिम्बू भाषा र लिपिका स्कूल-हरू संचालन। लिम्बू भाषा, लिपि, राजनीति, धर्म र संस्कृति विरोधी प्रशासन जाली फटाह, शोषक र सामन्तीहरूका फेरी शिकार। तिनीहरूद्वारा झुटो फौजदारी मुद्दा लगाउने, अंगभंग गरिदिने धम्की र प्रयासको कारण वीर नेम्बाङ सहित इन्द्रकुमार नेम्बाङ, सुश्री तारादेवी नेम्बाङ र सुश्री सूर्य कुमारी नेम्बाङ अण्डरग्राउण्ड। मे १४, १९६४ फौजदारी मुद्दा नाकाम। मे १९ मा सुश्री सूर्यकुमारी नेम्बाङ र सुश्री तारादेवी नेम्बाङको गाउँ फर्काई। एक महीना पछि जुन १८ मा इन्द्रकुमार नेम्बाङको पनि गाउँ फर्काई र पहिले पिरोल्नेहरूसंग सांगगांठ र वीर नेम्बाङलाई धोका। वीर नेम्बाङलाई एक्लो बनाई षड्यन्त्रकारीहरूबाट फेरी विभिन्न आरोप र धम्की। जीवन असुरक्षित र गाउँ छाड़ेर जुन २९ देखि पुनः भागी हिड़न परेका।

वीर नेम्बाङ लिम्बू जातिको राजनीति, भाषा, लिपि धर्म संस्कृतिमा मरिमेटने लिम्बू भाषाका कवि र लेखक पनि हुन। वीर नेम्बाङ एउटा शोषित पीड़ित तर चेतनशील जल्दो बल्दो युवक हुन जसले आफू दुख पाएर पनि समाजलाई सुखी पार्न चाहेका छन् आफू मरेर पनि समाजलाई त्यसमा पनि विशेष गरेर लिम्बू समाजलाई बचाउन चाहेका छन्।

(साभार : न्यूलाइट साप्ताहिक—मे २३, १९६५)